गाउँ कार्यपालिकाको कार्यालय
हायुटार, सिन्धुली
बागमती प्रदेश, नेपाल
२०७३



आज मिति २०८० साल जेठ २४ गते बुधबारका दिन घ्याङलेख गाउँ कार्यपालिकाको बैठक अध्यक्ष श्री जगत बहादुर भोलनज्यूको अध्यक्षतामा बसी निम्नानुसारका निर्णय गरियो ।

**उपस्थिति**

| क्र.स. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री जगत बहादुर भोलन | अध्यक्ष | [signature] |
| २ | श्री शंकरमान घलान | उपाध्यक्ष | [signature] |
| ३ | श्री सोम बहादुर भोलन | सदस्य | [signature] |
| ४ | श्री रोशन कुमार भ्लोन | सदस्य | [signature] |
| ५ | श्री निश्चल सुनुवार | सदस्य | [signature] |
| ६ | श्री अमृत वाईबा | सदस्य | [signature] |
| ७ | श्री ज्ञान बहादुर सिजाली मगर | सदस्य | [signature] |
| ८ | श्री गंगा माया कामी | सदस्य | [signature] |
| ९ | श्री सान्नानी नेपाली | सदस्य | |
| १० | श्री साल माया लो | सदस्य | साल |
| ११ | श्री रमा कुमारी घ्याङ्मी | सदस्य | रमा |
| १२ | श्री निम बहादुर थामी | सदस्य | [signature] |
| १३ | श्री मिठु कुमारी विश्वकर्मा | सदस्य | मिठु |
| १४ | श्री राम कुमार कार्की | प्रमुख प्रशासकीय अधिकृत (सचिव) | [signature] |

**अन्य उपस्थिति :**

| क्र.स. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | भरतजंग थापा | सहायक पाँचौं | [signature] |
| २. | सुदिप थापा | कम्प्युटर अपरेटर | [signature] |
| | | | |

घ्याङलेख गाउँपालिका
गाउँ कार्यपालिकाको बैठकको
प्रस्ताव तथा निर्णयहरु
मिति २०८० साल जेठ २४ गते बुधबार
बैठकका प्रस्ताव तथा निर्णयहरु

१. अघिल्ला कार्यपालिका बैठकको समिक्षा सम्बन्धमा ।

२. आ.व. ०७३/०७४ देखि ०७८/०७९ सम्मको महालेखा परिक्षक कार्यालयबाट औल्याएको बेरुजु सभा समक्ष पेश गर्ने सम्बन्धमा ।

४. विविध सम्बन्धमा ।

निर्णयहरु:

**निर्णय नं. १ :-** प्रस्ताव नं. १ माथि छलफल गर्दा यस अघि गाउँपालिकाबाट भए गरेका निर्णयहरुको समीक्षा गरियो । चालु आ.व.मा संचालन भएका योजना कार्यक्रमहरुलाई यथाशिघ्र सम्पादन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २ :-** प्रस्ताव नं. २ माथि छलफल गर्दा आ.व. ०७३/०७४ देखि ०७८/०७९ सम्मको महालेखा परीक्षकको कार्यालयबाट अन्तिम लेखापरिक्षण प्रतिवेदनमा औल्याइएका नियमित गर्नुपर्ने बेरुजुहरु माथि विषयगत शाखा, लेखा समिति र विषयगत समितिबाट दफावार छलफल भई पेश हुन आएको प्रतिवेदनको आधारमा गाउँ सभामा पेश गरी फछ्र्यौटका लागि महालेखा परीक्षकको कार्यालय समक्ष पठाउने निर्णय गरियो ।

**निर्णय नं. ४ :-** विविध विषयमाथि छलफल गर्दा

क) यस घ्याङलेख गाउँपालिका वडा नं. १ बस्ने बिबि माया ठोकरको खाना पकाउने क्रममा जिउमा आगोलागि शरीर जलेर किर्तिपुर अस्पतालमा उपचार भई रहेकोले निज व्यक्तिको आर्थिक अवस्था अत्यन्त नाजुक भएकोले थप उपचारका लागि गाउँपालिकाको तर्फबाट उपचार खर्च सहयोग वापत उपचार तथा आर्थिक सहायता कोषबाट खर्च हुने गरी रु. ४०,०००।- (अक्षरुपी: चालिस हजार मात्र) उपलब्ध गराउने निर्णय गरियो ।

ख) यस घ्याङलेख गाउँपालिका वडा नं. ३ बस्ने दिपक भोलनको विगत समय देखीनै बोली नफुटेको र घरको आर्थिक अवस्था कम्जोरको कारणले उपचार तथा बोलि फुट्ने यन्त्र खरिद गर्न नसकेकोले खरिद गर्नको लागि यस गाउँपालिकाको तर्फबाट उपचार खर्च सहयोग वापत उपचार तथा आर्थिक सहायता कोषबाट खर्च हुने गरी रु.१५०००।- (अक्षरुपी: पन्ध्र हजार मात्र) उपलब्ध गराउने निर्णय गरियो ।

राम कुमार कार्की
प्रमुख प्रशासकीय अधिकृत

जगत बहादुर भोलन
गा.पा. अध्यक्ष

ग) यस घ्याङलेख गाउँपालिका वडा नं. ४ बस्ने कान्छी माया घलानको कलेजो खराब भई Scheer Memorial Adventist Hospital मा उपचार भई रहेकोले निज व्यक्तिको आर्थिक अवस्था अत्यन्त नाजुक भएकोले थप उपचारका लागि गाउँपालिकाको तर्फबाट उपचार खर्च सहयोग वापत उपचार तथा आर्थिक सहायता कोषबाट खर्च हुने गरी रु. २५,०००।- (अक्षरुपी: पच्चिस हजार मात्र) उपलब्ध गराउने र सोहि वडाका ठुली माया वाईवाको ढाडमा राखिएको स्टील निकाल्नको लागि नेपाल अर्थोपेडिक अस्पताल गोकर्णेश्वर-६, जोरपाटीमा उपचार भई रहेकोले थप उपचारको लागि उपचार तथा आर्थिक सहायता कोषबाट खर्च हुने गरी २५,०००।- (अक्षरुपि: पच्चिस हजार मात्र) उपलब्ध गराउने निर्णय गरियो ।

घ) चालु आ.व.को वर्षे अधिवेशको लागि गाउँ कार्यपालिका सञ्चालन पात्रो अनुसार तोकिएका प्रक्रियाहरु पुरा गरी सबै विषयगत शाखा, वडा कार्यालय र गाउँपालिका स्तरीय योजना तथा कार्यक्रम पेश गर्न सम्बन्धि सबैलाई जानकारी गराउने र पात्रो अनुसार अधिवेशनका लागि गर्नु पर्ने कार्यहरु अगाडि बढाउने निर्णय गरियो र बजेट तथा कार्यक्रमका लागि सबै कार्यपालिका सदस्य र विषयगत शाखा प्रमुखहरुसँग निरन्तर छलफल अगाडि बढाउने निर्णय गरियो ।

राम कुमार कार्की
प्रमुख प्रशासकीय अधिकृत

जगत बहादुर भोलन
गा.पा. अध्यक्ष